# मिति २०८०-०८-२० गते प्रकाशित सूचना अनुसारको कार्यक्रमहरुको क्रियाकलापहरू तथा मापदण्ड

| कार्यविधि अनुसारको क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड |
| --- | --- | --- | --- |
| ३.४१ | साइलेज उद्योगको लागि मकै उत्पादन/घाँस उत्पादन कार्यक्रम | • जमिनको तयारी,<br>• कम्पोष्ट/रासायनक मल/औषधी खरिद,<br>• सिँचाई तथा गोडमेल,<br>• मकै/घाँसको बीउ/सेट्स खरिद,<br>• घाँस कटान सङ्कलन तथा साईलेज उद्योगसम्म ढुवानी,<br>• मेसिनरी  औजार खरिद,<br>• घाँस विकास तथा संरक्षण सम्बन्धी क्षमता अभिवृद्धि,<br>• अन्य व्यवस्थापकीय खर्च। | • साईलेज उद्योग सञ्चालन गरेको आशपासको क्लष्टर क्षेत्रमा घाँस उत्पादनका लागि मकै/अन्य घाँस खेती गर्न इच्छुक समूह, सहकारी तथा निजी व्यवसायी हुनुपर्ने,<br>• साईलेज उद्योगसँग घाँस खरिद बिक्री गर्ने करार सम्झौता भएको प्रस्तावकालाई प्राथमिकता दिनुपर्ने,<br>• यस कार्यक्रमा सहभागी हुन कम्तीमा १ हेक्टर जमिनमा घाँसखेती गर्नुपर्ने। |
| ४.७ | मासु/माछा पसल सुधार/निर्माण | •अनुसूची-३० मध्येको आवश्यकता अनुसारको मापदण्ड सहयोगी क्रियाकलापहरू। | • स्वस्थ, स्वच्छ मासु बिक्री वितरण गर्नु पर्ने,<br>• सहभागी हुने आवेदकले दैनिक ठूलो पशुको हकमा कम्तीमा १०० किलो, साना पशु तथा पन्छीको हकमा कम्तीमा ५० किलो मासु बिक्री वितरण गरिरहेको हुनु पर्ने र माछा पसलको हकमा दैनिक कम्तीमा ५० के.जी. माछा बिक्री वितरण गरी रहेको वा गर्नुपर्ने,<br>• स्थानीय तहका शहरउन्मुख क्षेत्रलाई लक्षित गरी मासुको बिक्री वितरणमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने मासु उद्यमी/मासु व्यवसायीहरूले प्राथमिकता पाउनेछन्,<br>• पशुवध गर्दा निस्कने फोहोर व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने। |

| | | | |
|---|---|---|---|
| ३.३४ | नयाँ पोखरी निर्माण कार्यक्रम | कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार आवेदकले नँया पोखरी निर्माण गर्नु पर्ने। | • स्थायी पानीको श्रोत व्यवस्था भएको हुनु पर्ने,<br>• तराईको हकमा कम्तीमा ३ कठ्ठा र पहाडी क्षेत्रमा १ रोपनी भन्दा बढी जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नु पर्ने,<br>• जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा जग्गा भाडामा लिएको भए १० वर्षको करार सम्झौता हुनु पर्ने,<br>• पोखरीको गहिराइ कम्तीमा १.२ मिटर हुनुपर्ने। |
| ३.३८ | प्राकृतिक जलाशय मर्मत सम्भार/प्राकृतिक जलाशयमा मत्स्य प्रवर्द्धन कार्यक्रम | • जालशयको गहिराइ सुधार तथा डिल मर्मत,<br>• पानीको प्रवेश/निकाशद्धार मर्मत सम्भार,<br>• उत्पादन सामग्री तथा मत्स्य भुरा खरिद। | • प्राकृतिक जलाशयमा आफै वा करारमा लिई माछा पालन गरेको ईच्छुक समूह/सहकारी /उपभोक्ता समिति/निजी व्यवसायीले आवेदन दिनुपर्ने,<br>• स्थानीय तह तथा अन्य सरकारी संघ/संस्थाको मातहतमा रहेका प्राकृतिक जलाशयहरू (घोल/ताल, सिमसार) हुन सक्ने,<br>• जलाशयको न्यूनतम क्षेत्रफल १ हे. र पानीको गहिराई न्यूनतम १.५ मिटर हुनुपर्ने,<br>• सम्भाव्य रहेका जलाशयहरूको स्तरोन्नति गरी वा मत्स्य पालनमा प्रयोग भई रहेको जलाशयमा व्यावसायिक मत्स्य पालन तथा प्रवर्द्धन योजना हुनुपर्ने।<br>• करार अवधि कम्तीमा २ वर्ष बाँकी रहेको हुनुपर्ने।<br>• स्थानीय तहसँग समन्वयमा गर्नुपर्ने। |
| २.१५ | मत्स्य विज ह्यायचरी निर्माण /सुधार | • ओभर हेड ट्याङ्क ईन्कुवेशन ट्याङ्क, स्पाउनिङ्ग ट्याङ्क, कन्डिसनिङ्क ट्याङ्क, ह्यायचरीको सेड निर्माण/सुधार,<br>• अक्सिजन सिलिण्डर लगायत अन्य यन्त्र उपकरण खरिद। | • ह्यायचरीकर्ताले कम्तीमा १ हेक्टर जलाशयमा माउ माछा व्यवस्थापन गरी पालन गरेको हुनु पर्ने,<br>• पानीको स्थायी स्रोतको रूपमा वोरिङ्गको व्यवस्था हुनु पर्ने,<br>• निर्माण/सुधार गरिने ह्याचरी तथा पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा भाडामा लिएको भए सम्झौता कम्तीमा १० वर्षको हुनुपर्ने,<br>• सडक, बिजुली बत्तीको सुविधा भएको हुनु पर्ने,<br>• अनुसूची ३१ बमोजिमको व्यावसायिक ढाँचामा पेश गर्नुपर्ने। |